सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ

आ.व. २०८१/०८२

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर राई ज्यूको अध्यक्षता निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

बैठक संख्या: १७५ समय: बिहान १०:०० बजे मिति: २०८२/०५/०५
स्थान: गाउँ कार्यपालिकाको कार्यालय, साब्लाखु, ताप्लेजुङ।

| क्र.स. | पद | नामथर | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री मान बहादुर राई | ९८५२६८१४६२ | [signature] |
| २ | उपाध्यक्ष | श्री कृष्ण कुमारी कढरिया | ९८४२६६४०५१ | [signature] |
| ३ | १ नं. वडा अध्यक्ष | श्री गोपाल बानियाँ | ९८५२६८१०६४ | [signature] |
| ४ | २ नं. वडा अध्यक्ष | श्री पूर्ण कुमार माबु लिम्बु | ९८५२६६४९१२ | [signature] |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री रत्न बहादुर खत्री | ९८६४०८७७२३ | [signature] |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री पूर्ण कुमार लिम्बु | ९८१५१३५०३८ | [signature] |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री अम्बर बहादुर लिम्बु | ९८३५९५८३११ | [signature] |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री रत्न कुमार लिङदेन | ९८१५०१६५७६ | [signature] |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री लक्ष्मन तामाङ | ९८४२७४७७९५ | [signature] |
| १० | सदस्य | श्री छत्रमाया इजम | ९८४४६७०४१२ | [signature] |
| ११ | सदस्य | श्री सावित्रा बानियाँ | ९८६२६५३३१४ | [signature] |
| १२ | सदस्य | श्री तुलसी माया बुढाक्षेत्री | ९८०४१०३६३१ | [signature] |
| १३ | सदस्य | श्री रेनु लिम्बु | ९८६२३२१०७० | |
| १४ | सदस्य | श्री जय प्रकाश राई (साम्पाङ) | ९८४०११५०३१ | [signature] |
| १५ | सदस्य | श्री सन्तोष कुमार पाँचकोटी | ९८६०८२७३१४ | [signature] |
| १६ | सचिव | श्री तिर्थेन्द्र अधिकारी | ९७४१२२५१५६ | [signature] |
| १७ | | | | |
| १८ | | | | |
| | | | | |
| | | | | |

सिदिङ्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

९८५२६८२४६१
९८४२६६४०५५
९८५२६६०२५३

## कार्यपालिकाको बैठकका निर्णय पुस्तिका

बैठक संख्या: .१७९ (आ.व. २०८२/०८३)
उपस्थित संख्या:

स्थान: गाउँ कार्यपालिका कार्यालय
अध्यक्षता: मान बहादुर राई, अध्यक्ष, सिदिङ्वा गाउँपालिका

मिति: २०८२/०५/०५ गते
समय: दिनको १०:०० बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | जिम्मेवार व्यक्ति/निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | समिक्षा सम्बन्धमा । | गत आर्थिक वर्षको कामकाजको विषयमा व्यापक छलफल तथा समिक्षा गरी जनमुखि तथा पारदर्शी तवरबाट पालिकाको कामकाज द्रुत गतिमा संचालन गर्ने सर्व सहमतिमा निर्णय गरियो । | | |
| २ | स्थानीय दररेट कायम गर्ने सम्बन्धमा । | गाउपालिकाको उपाध्यक्ष ज्यूको नेतृत्वमा निम्न बमोजिमको स्थानीय दररेट निर्धारण समिति गठन गरी ७ दिन भित्र दररेट पेश गर्न कार्यदेश दिने सर्व सहमतिमा निर्णय गरियो ।<br>निम्न<br>श्री कृष्ण कुमारी कडरिया संयोजक<br>श्री गोपाल वानिया सदस्य<br>श्री पूर्ण कुमार लिम्बु सदस्य<br>श्री अम्बर वहादुर लिम्बु सदस्य<br>श्री तिवेन्द्र अधिकारी सदस्य<br>श्री भुपेन्द्र बुडाक्षेत्री सदस्य<br>श्री विराज कट्टेल सदस्य<br>श्री रुद्र प्रसाद वेपा सदस्य सचिव | | |
| ३ | किसान सुचिकरण फोकल पर्सन तोक्ने सम्बन्धमा । | कृषि विकास शाखा प्रमुख श्री सन्जय कुमार धामीलाई किसान सूचिकरण फोकल पर्सन तोक्ने सर्व सहमतिमा निर्णय गरियो । | | |

सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फाब्लाखु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

फोन: ९८५२६८१४६२
आवास: ९८४२६६४०५९
प्र.प्र.अ: ९८५२६६०१५२

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

बैठक संख्या: .१७९ (आ.व. २०८२/०८३)

स्थान: गाउँ कार्यपालिका कार्यालय

मिति: २०८२/०५/०५ गते

उपस्थित संख्या:

अध्यक्षता: मान बहादुर राई, अध्यक्ष, सिदिङ्वा गाउँपालिका

समय: दिनको १०:०० बजे

| | | | | |
|---|---|---|---|---|
| ४ | सिदिङ्वा गाउँपालिकाको आन्तरिक , आय संकलन (ठेक्काबन्दोबस्त सम्बन्धि कार्यबिधि, २०८२ सम्बन्धमा । | सिदिङ्वा गाउँपालिकाको आन्तरिक , आय संकलन (ठेक्काबन्दोबस्त सम्बन्धि कार्यबिधि, २०८२ पारित गर्ने सर्व सहमत निर्णय गरियो । साथै IEE कार्यविधि समेत पारित गरियो । | | |
| ५ | आपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८२ गराउने सम्बन्धमा । | आपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८२ पारित गर्ने सर्व सहमत निर्णय गरियो । | | |
| ६ | सिदिङ्वा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८२ गर्ने सम्बन्धमा । | सिद्रिङ्वा गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८२ पारित गर्ने सर्व सहमत निर्णय गरियो । | | |
| ७ | अभ्याङक थेरापी सुरु गर्ने सम्बन्धमा । | सम्बन्धित शिर्षकबाट रु. ३०००००।– खर्च हुनेगरी अभ्याङ्क थेरापी सम्बन्धि सामाग्री व्यवस्थित गरी सेवा संचालन गर्ने पारित गर्ने सर्व सहमत निर्णय गरियो । | | |

सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सामा ... , ताप्लेजुङ

कोशी प्रदेश, नेपाल

९८५२६८४४६२
९८५२६६४०६९
९८५२६६०९५३

## कार्यपालिकाको बैठकका निर्णय पत्रिका

बैठक संख्या: .१७१ (आ.व. २०८२/०८३)

उपस्थित संख्या:

स्थान: गाउँ कार्यपालिका कार्यालय

अध्यक्षता: मान बहादुर राई, अध्यक्ष, सिदिङ्वा गाउँपालिका

मिति: २०८२/०५/०५ गते

समय: दिनको १०:०० बजे

| | | | | |
|---|---|---|---|---|
| | अस्पतालको र कोल्ड स्टोरको जग्गा प्राप्ति सम्बन्धमा। | वडा २ को वडा अध्यक्ष श्री पूर्ण कुमार माङ्बु संयोजकत्वमा निम्न बमोजिमको समिति मार्फत ७ दिन भित्र प्राप्त निवेदन उपर लाभलागत तथा प्राविधिक विश्लेषण गरी उपयुक्त जग्गा सिफारिस गर्न कार्यदेश प्रदान गर्ने पारित गर्ने सर्व सहमत निर्णय गरियो।<br>निम्न:<br>श्री पूर्ण कुमार माङ्बु संयोजक<br>श्री गोपाल वानिया सदस्य<br>श्री लक्ष्मन तामाङ सदस्य<br>श्री सरोज कार्की सदस्य<br>श्री विराज कट्टेल सदस्य<br>श्री रुद्र प्रसाद वेधा सदस्य सचिव | | |

...गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

फोन: ...
इमेल: ९८४२६६७०५९
प्र.प्र.अ - ९८५२६६०१५३

## कार्यपालिकाको बैठकको निर्णय पत्रिका

बैठक संख्या: १७९ (आ.व. २०८२/०८३)

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

मिति: २०८२/०५/०५ गते

उपस्थित संख्या: १६

अध्यक्षता: मान बहादुर राई, अध्यक्ष, सिदिङ्वा गाउँपालिका

समय: दिनको १०:०० बजे

| | | |
|---|---|---|
| ९ | बहिर्गमन अभिमत सर्भेक्षण प्रतिवेदन सम्बन्धमा। | कार्यालयले तयार गरिएको बहिर्गमन अभिमत सर्भेक्षण प्रतिवेदनमाथि व्यापक छलफल गरी प्रतिवेदनले औंल्याइएका सबल पक्षको प्रवर्द्धन र सुधारका सुझावहरु कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। |
| १० | आन्तरिक लेखा परीक्षण सम्बन्धमा। | यस गाउँपालिकाको गत आर्थिक वर्ष २०८१/८२ को आन्तरिक लेखा परीक्षणको लागि गाउँ कार्यपालिकाको कार्यालयमा आन्तरिक लेखा परीक्षण गर्ने कर्मचारी नरहेकोले श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ताप्लेजुङलाई अनुरोध गरी पठाउने निर्णय गरियो। |
| ११ | भुक्तानी भएको खर्च अनुमोदन सम्बन्धमा। | सिदिङ्वा गाउँ कार्यपालिकाको कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा प्रशासनिक खर्च, विभिन्न योजनाहरुको भुक्तानी तथा विभिन्न रकम भुक्तानी बापत सिदिङ्वा गाउँपालिकाको संचित कोष मार्फत विभिन्न बजेट उपशिर्षक र खर्च शिर्षक अन्तर्गत चालु पूँजीगत खर्च खाता तथा विविध खर्च खाता बाट भएको भुक्तानी रकम तथा संचित कोष खातामा आम्दानी बाँधिएको रकम र धरौटी बापतको रकम कार्यालयले पेश गरेको खर्चको फाँटवारी तथा आर्थिक प्रतिवेदनलाई अनुमोदन गरियो। |
| १२ | व्यवस्थापन परीक्षण प्रतिवेदन सम्बन्धमा। | श्री प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्ष मार्फत पेश गरेको व्यवस्थापन परीक्षण प्रतिवेदन २०८२ (आ.व. २०८१/८२) माथि व्यपक छलफल गरी प्रतिवेदनले औंल्याईएका सुधारका पक्षहरुलाई सुधार गर्दै गाउँपालिकाको व्यवस्थापकीय पक्षलाई गुणात्मक रुपमा सुधार गरी सेवा विकास र स्थानीय शासनको प्रभावकारिता अभिवृद्धि गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिंदै व्यवस्थापन परीक्षण प्रतिवेदन २०८२ अनुमोदन गर्ने निर्णय गरियो। |
| १३ | वार्षिक समीक्षा प्रतिवेदन सम्बन्धमा। | सिदिङ्वा गाउँ कार्यपालिकाको कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा सन्चालन गरेका आयोजना कार्यक्रम क्रियाकलापहरु तथा सेवा प्रवाह विकास र सेवाका सम्बन्धमा तय गरेका नीति कार्यक्रम योजना बजेट कार्यान्वयन बेरुजु तथा आन्तरिक लेखा परीक्षण लगायतका सम्बन्धमा तयार गरेको वार्षिक समीक्षा प्रतिवेदन आ.व. २०८१/८२ माथि व्यापक छलफल गरी अनुमोदन गरियो। |

कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

बैठक संख्या: .१७९ (आ.व. २०८२/०८३) स्थान: गाउँ कार्यपालिका कार्यालय मिति: २०८२/०५/०५ गते

उपस्थित संख्या: अध्यक्षता: मान बहादुर राई, अध्यक्ष, सिदिङ्वा गाउँपालिका समय: दिनको १०:०० बजे

| | | | | |
|---|---|---|---|---|
| १४ | गाउँपालिकाको लोगो निर्धारण सम्बन्धमा। | सम्बन्धित समितिलाई ७ दिन भित्र प्राप्त भएका निवेदन उपर छलफल गरी गाउँपालिकाको लोगो छनौट गर्न कार्यदेश प्रदान गर्ने पारित गर्ने सर्व सहमत निर्णय गरियो। | | |
| १५ | खेल प्रशिक्षकहरु नियुक्ति सम्बन्धमा (भलिबल,कराते, तेक्वन्दो, एथेलेटिक्स, उस्सु) | सिदिङवा गाउँपालिकाले यस आ.व. मा संचालन गर्न लागेको जिल्ला स्तरीय राष्ट्रपति खेलकुद प्रतियोगितामा गाउँपालिकाको तर्फबाट प्रतिस्पर्धा गर्नको लागी भलिबल, कराते, तेक्वान्दो,एथेलेटिक्स, कबड्डी र उसु खेलको प्रशिक्षकहरु ७ दिनको सूचना प्रकाशन गरी निम्न बमोजिमको समिति मार्फत उत्कृष्ट प्रशिक्षक छनौट गरी सिफारीस गर्ने सर्व सहमत निर्णय गरियो।<br>निम्न:<br>श्री बद्री प्रसाद सिटौला संयोजक<br>श्री सन्जय श्रेष्ठ सदस्य<br>श्री दावा किपा शेर्पा सदस्य सचिव | | |
| १६ | तिज विशेष शुभकामना कार्यक्रम र सास्कृतिक कार्यक्रम सम्बन्धमा। | सम्बन्धित शिर्षकबाट रु. १०००००।-(अक्षेरपी एक लाख) विनियोजन गरी सबै सस्कृति र जातजातीलाई समावेस गरी तिज विषेश शुभकामना कार्याक्रम तथा सागितिक कार्याक्रम संचलान गर्ने सर्व सहमत निर्णय गरियो। | | |

सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

माञ्जाबुङ, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष- ९८५२६८४४६२
उपाध्यक्ष- ९८४२६६४०५१
प्र. प्र. अ.- ९८५२६६०३५३

## कार्यपालिकाको बैठकको निर्णय पत्रिका

बैठक संख्या: १७९ (आ.व. २०८२/०८३)

स्थान: गाउँ कार्यपालिका कार्यालय

मिति: २०८२/०५/०५ गते

उपस्थित संख्या:

अध्यक्षता: मान बहादुर राई, अध्यक्ष, सिदिङ्वा गाउँपालिका

समय: दिनको १०:०० बजे

| | | | | |
|---|---|---|---|---|
| १७ | म ले प र सम्परिक्षण सम्बन्धमा कार्यालयको तर्फबाट रिपोर्ट पेश गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन प्रमुख श्री भुपेन्द्र बुडाक्षेत्रीले प्रस्तुत गरेको म ले प र सम्परिक्षण सम्बन्धमा गरेको रिपोर्टीङ अनुमोदन गर्ने सर्व सहमत निर्णय गरियो। | | |
| १८ | अतिरिक्त कक्षा सचालन शुल्क सम्बन्धमा। | सिदिङ्वा गाउपालिकाको सामुदायिक विद्यालयहरुको कक्षा-६,८ र १० मा स्कुल समय बाहेक अतिरिक्त कक्षा संचालन गरेका अवस्थामा सम्बन्धित शिक्षकलाई प्रति कक्षा रु. २००।– र एक भन्दा बढी कक्षा अनुशिक्षण गरेमा थप रु. १५०।– को दरले उपलब्ध गर्ने सर्व सहमत निर्णय गरियो। | | |
| १९ | खर्चको मापदण्ड सम्बन्धमा। | वडा कार्यालयको इन्धन, सामान्य मर्मत (रु. ५०००।– भन्दा मुनिको) र खाजा खाना तथा अतिथि सत्कार बापत मासिक रु. २५०००।– उपलब्ध गराउने सर्व सहमत निर्णय गरियो। | | |
| २० | पशु तथा कृषिको सेवा केन्द्र व्यवस्थापन सम्बन्धमा। | वडा नं. २ को वडा कार्यालय (१ नं. र २ नं. वडाको कार्यक्षेत्र), कृषि तथा पशु विकास शाखा (३,४ र ५नं. कार्यक्षेत्र) र वडा नं. ६ को मुकु भञ्ज्याङ (६ र ७ नं. वडाको कार्यक्षेत्र) गरी ३ स्थानबाट मौजुदा जनशक्तिबाट नै सेवा संचालन सुरु गर्ने सर्व सहमत निर्णय गरियो। | | |
| २१ | एकल, विपन्न र दलित महिलालाई कम्प्युटर तालिम सम्बन्धमा। | वडा नं. १ बाट २ जना, वडा नं. २ बाट ३ जना र अन्य वडाबाट ४ जनाको दरले सम्बन्धित महिलाहरुको नाम प्राप्त गरी कम्प्युटर तालिम संचालन गर्ने सर्व सहमत निर्णय गरियो। | | |

सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
..., ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

९८५२६८१४६२
९८५२६६०१५३

कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

बैठक संख्या: .१७९ (आ.व. २०८२/०८३)
स्थान: गाउँ कार्यपालिका कार्यालय
मिति: २०८२/०५/०५ गते
उपस्थित संख्या:
अध्यक्षता: मान बहादुर राई, अध्यक्ष, सिदिङ्वा गाउँपालिका
समय: दिनको १०:०० बजे

| | | | |
|---|---|---|---|
| २२ | नागरिक आरोग्य केन्द्र हस्तान्त्रण सम्बन्धमा। | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ताप्लेजुङको प्राप्त पत्रनुसार नागरिक आरोग्य केन्द्रको कर्मचारी लगायत जिन्सि सामाग्री सिदिङ्वा गाउपालिको मातहतमा रहने गरी संचलान गर्ने गराउने सर्व सहमत निर्णय गरियो। | |
| २३ | करार नविकरण सम्बन्धमा। | रोजगार सेवा केन्द्रको रोजगार सहायक श्री नविन कुमार पन्दाक लिम्बु र रोजगार प्राविधिक श्री दिव्यराज फुयाललाई आन्तरिक स्रोतबाट पाचौं तहको सेवा सुविधा प्रदान गरी निजहरुको करार सुचारु गर्न कार्यालयलाई निर्देशन दिने सर्व सहमत निर्णय गरियो। | |
| २४ | विविध | क) स्वर्गीय शिक्षक राजेन्द्र रायको परिवारलाई रु. ५००००।– आर्थिक सहयोग गर्ने।<br>ख) चट्याङबाट गाईते भएको मौषम लिम्बुको उपचारको लागी रु. १५०००।– आर्थिक सहयोग गर्ने।<br>ग) वडा नं. ६ र वडा ७ को बाटो मर्मतको लागी रु. २०००००।– विनियोजन गर्ने।<br>घ) वडा नं. ५ को अपाङग विमल लिम्बुको उपचारको लागी रु. १०००००।– सहयोग गर्ने।<br>ङ) लाखेजात्रा संचालन खर्च रु. ७००००।– आर्थिक सहयोग गर्ने।<br>च) लाखेजात्रको अवश्वरमा भएको भलिबल प्रतियोगिताको लागी रु. ५००००।– आर्थिक सहयोग गर्ने। | |
| २५ | दोस्रो तिम्बुङपोखरी ट्रेल रन-२०८२ सम्बन्धमा। | दोस्रो तिम्बुङपोखरी ट्रेल रन-२०८२ संचालन गर्नका लागी गाउँपालिकाले विनियोजन गरेको आठ लाख अपुग हुने देखिएकोले सम्बन्धित शिर्षकबाट रु. ३०००००।– थप गरिदिने साथै यो ट्रेल रन संचालन गर्नका लागी तिम्बुङपोखरी संरक्षण तथा व्यावस्थापन समितिलाई अख्तियारी प्रदान गर्न सर्व सहमत निर्णय गरियो। | |